# सेन्दाई बहुसांस्कृतिक समाज बुलेटिन


## म जापानमा गाडी चलाउन चाहान्छु

A नाम गरेका व्यक्ति सेन्दाईमा भएको एक कम्पनीमा काम गर्ने कर्मचारी हुन। आफ्नो देशमा हुँदा सामान्य रुपमा गाडी चलाउने गर्थे। जापानमा पनि गाडी चलाउन मन लागेको भएर, बहुसांस्कृतिक समाज केन्द्रमा परामर्शको लागि आएका थिए।



परामर्श लिने व्यक्ति A

म जापानमा गाडी चलाउन चाहन्छु। त्यसको लागि मैले के गर्नुपर्छ?



बहुसांस्कृतिक समाज केन्द्रका कर्मचारी

**A जी यदि तपाईले जापानमा गाडी चलाउन चाहेको खण्डमा, मुख्यतः ठुलारुपमा दुईवटा बिधिहरु छन्।**

① आफ्नो देशको चलाक अनुमतिपत्रलाई जापानको चलाकअनुमति पत्रमा परिवर्तन गर्नुपर्ने बिधि

② जापानको ड्राइभिङ स्कूलमा गएर ट्राफिक नियम र गाडी चलाउने तरिका सिक्ने र त्यसपछि सवारीचलाक अनुमति प्राप्त केन्द्रमा गई परीक्षा दिने बिधि

### ① आफ्नो देशको चालक अनुमतिपत्रलाई बदल्ने

(बदल्नको लागि सम्भब हुने शर्तहरू)

आफ्नो देशमा सवारीचालक अनुमतिपत्र प्राप्त गरेपछि, कम्तिमा पनि ३ महिना भन्दा बढी समय आफ्नो देशमा बसेको हुनुपर्ने शर्त रहेको छ। यदि राहदानीमा प्रस्थान गरेको र प्रवेश गरेको मितिको छाप छ भने, यो प्रमाणको रुपमा हुनेछ

(लिएर जाने कुराहरु)

३ सेमी x २.४ सेमी को फोटो, निवस कार्डको प्रतिलिपि, आफ्नो देशको चालक अनुमतिपत्र, आफ्नो देशको चालक अनुमतिपत्रलाई जापानीज भाषामा अनुवाद गरिएको पत्र र राहदानी । साथै,देश अनुसार, यसबाहेक अन्य कागजातहरू पनि आवश्यक हुन सक्छ।

(पुष्टि, जाँचबुझ)

चालक अनुमतिप्राप्त केन्द्रमा, आवश्यक पर्ने कागजातहरूको पुष्टि र जाँचबुझ, अन्तर्वार्ता, ट्राफिक नियमको ज्ञान छ छैन, सवारी चलाउने सीप र क्षमता छ छैन, परिक्षण र दृष्टि परीक्षण पछि मात्र चालक अनुमतिपत्र जारी गरिनेछ। चालक अनुमतिपत्र प्राप्त भएको देश अनुसार ज्ञान, सीप र क्षमताको ,परीक्षणमा छुट पाउने प्राबधान पनि छ।

ज्ञान, सीप र क्षमताको जाँच दिनुपर्ने भएको खण्डमा, चालकअनुमति प्राप्त केन्द्रमा गई निबेदन प्रक्रियाहरू पूरा गरेपछि, अर्को दिनको बुकिंग गरि, त्यो दिन आफ्नो ज्ञान,सीप र क्षमताको जाँच दिनुपर्ने हुन्छ।

### ② दोस्रो विधिको बारेमा

ड्राइभिङ स्कूलहरूमा, जापानीज भाषा बाहेक विदेशी भाषाहरूमा लेखिएको शैक्षिक सामग्रीहरु पनि हुन सक्छ, पढाईने पाठको व्याख्या चाँही सबै जापानी भाषामा दिइन्छ। यसबाहेक पनि, ड्राइभिङ स्कुलमा नगई, चालकअनुमति प्राप्त केन्द्रमा गई परिक्षा दिने र ड्राइभिङ बारेको व्याख्या सुनी चालकअनुमति पत्र प्राप्त गर्ने बिधि पनि छ।

बाकीं अर्को पेजमा क्रमस→

6 वटा भाषाको जनसम्पर्क पत्रिका
नेपाली भाषा बाहेक अन्य, जापानिज／にほんご, अंग्रेजी／English, चिनियाँ／中文, कोरियन／한국어, भियतनामी／Tiếng Việt भाषाहरु छन्। तपाइले यसलाई होमपेजबाट हेर्न सक्नुहुन्छ । साथै सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रबाट पनि वितरित गरिदै आएको छ ।



मसँग मेरो देशको चालकअनुमति पत्र छ, त्यसैले म जापानको चालकअनुमति पत्रमा परिवर्तन गर्न चाहन्छु। यद्यपि, मेरो जापानीज भाषा त्यति राम्रो छैन, त्यसैले निबेदन प्रक्रिया कसरि गर्ने भन्ने बारेमा चिन्तित छु।

बुकिंग वा आवेदन प्रक्रियाको लागि, बहुसाँस्कृतिक समाज केन्द्रमा हामी तपाईलाई मद्दत गर्नेछौ। ट्राफिक ज्ञानको जाँच भने, जापानिज भाषा बाहेक पनि अन्यभाषमा पनि दिन सकिन्छ।



### यदि तपाईको जापानीज भाषा त्यति राम्रो छैनभने

(चालकअनुमति प्राप्त केन्द्रको बुकिंगको लागि)
बहुसांस्कृतिक समाज केन्द्रका कर्मचारीले, तपाईलाई सवारीचालक अनुमति प्राप्त केन्द्रमा जाने दिनको लागी बुकिंग गरिदिन मद्दत गरिदिने छन।


(चालकअनुमति प्राप्त केन्द्रमा निबेदनको प्रक्रिया)
「विदेशी नागरिक सहायता संघ OASIS」सँग「सँगै गईदिने स्वयंसेवक」लाई पठाउने व्यवस्था गरिदिन माग गर्न सक्नुहुन्छ।「सँगै गईदिने स्वयंसेवक」ले चाँही, जापानीज भाषा नबुझ्ने  बिदेशीनागरिकहरु सँगै सवारीचालक अनुमति प्राप्त केन्द्रमा गई आबेदन प्रक्रियाको बेलामा अनुबादमा सहयोग गरिदिने कार्य गर्दछन।

(जापानीज भाषा बाहेकको अन्य भाषाहरुको ज्ञानको पुष्टी)
मियागी प्रान्तका सवारीचालक अनुमति प्राप्त केन्द्रमा होभने, अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, तागालोग, पोर्तुगाली, स्पेनिश, रसियन, थाई र फारसी भाषाहरुमा पनि परीक्षा दिन सकिन्छ।

※ड्राइभिङ  ज्ञान, सीप र क्षमताको जाँच दिन नपर्ने, छुट पाएका देश वा छेत्रहरु पनि छन।

※सवारीचालक अनुमतिपत्रको बारे बहुभाषाको वेबसाइट

विदेशी चालक अनुमतिपत्रबाट परिवर्तन गर्ने आवेदन प्रक्रियाको बारेमा,
तल निम्नलिखित बहुभाषामा लेखिएको वेबसाइट र सामग्री पनि पढ्न सक्नुहुन्छ।
・「सेन्दाईमा सहज जीवनयापनको लागिको सहयोगी पुस्तिका」
https://int.sentia-sendai.jp/foreigner/pdf/j/13_life_in_sendai_j_BasicLife5.pdf




जापानीज　अंग्रेजी　चाइनिज　कोरियन　भियतनामी　नेपाली　युक्रेनी　रसियन भाषाहरु

・प्रहरी प्रधान कार्यालयको वेबसाइट
https://www.npa.go.jp/english/bureau/traffic/index.html (अंग्रेजी)
अंग्रेजी वेबसाइट भित्र पनि, बहुभाषाको सामग्रीहरू छन।



## जानकारी: दोभाषे सहायता फोन र GiveAway को परिचय

### दोभाषे सहायता टेलिफोनको परिचय

### ०२२-२२४-१९१९

ट्रीपलफोन भनिने तिन ठाउँबाट एकैसाथ गर्न सकिने (तपाईले फोन गर्नुभएपछि, तपाई, दोभाषे र केन्द्रको कर्मचारी बिचमा बसी गर्ने कुराकानी) फोनको माध्यमबाट जापानी भाषामा कुराकानी गर्न कठिनाई भएका व्यक्तिहरुलाई कुराकानी गर्न मद्दत गर्नेछौं। वडा कार्यालय, नागरिक केन्द्र, नर्सरी स्कूल, विद्यालय, आदिमा भाषा बुझ्न नसकि अफ्ठ्यारोमा पर्नुभएको व्यक्तिहरुले यसको प्रायोग गर्नुहोस।

उपयोग गर्नको लागीको उदाहरण

・ठूलो आकारको फोहोर फाल्नका लागि, फोहर संकलन केन्द्रको रिसेप्शनमा बुकिंग गर्न चाहन्छु।

・वडाकार्यालयको काउन्टरमा विदेशीनागरिकहरू आएका छन उनीहरुलाई के समस्या परेको हो सोधिदिनु हुन्छकि

※ स्वास्थ्य सेवाको लागिको अनुवाद गरिने भने होइन। स्वास्थ्य परिक्षण कोठा भित्रको अनुवाद पनि गरिदैन।

※ दोभाषेको अवस्थाको आधारमा,पर्खनु पर्ने अवस्था पनि हुन सक्छ।

### गिभ अवेको सूचना

पुराना किताब, म्यागजिन र पत्रपत्रिका हा मी तपाईहरुलाई दिनेछौ।

बहुसांस्कृतिक समाज केन्द्रको पुस्तकालय कर्नरमा भण्डारण अवधि सकिसकेको पुस्तकहरू र विदेशी म्यागजिन र पत्रपत्रिका, आदि नि:शुल्क रुपमा वितरण गर्छौं। बहुसांस्कृतिक समाज केन्द्र खुल्ला भएको समयमा उपलब्ध गराउन सकिन्छ। कृपया यसको उपयोग गर्नुहोस।
स्थान : सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रकों लबी

समय : हेरेक दिन बिहान ९:०० बजे देखि बेलुका ५:०० बजे सम्म (वर्षको अन्त्य २८ तारिक र नयाँ वर्षको ३ तारिक र केन्द्रको बिदा महिनामा एक वा दुई दिन बाहेक)

※ झोला उपलब्ध हुने छैन। आफुलाई झोला आवश्यक पर्नेहरूले ल्याउनुहोस।

※ यसलाई व्यावसायिक उद्देश्यका लागि उपयोग गर्न सक्नुहुनेछैन। बिक्रीवितरण गर्न निषेधित छ।

## परामर्श कर्मी कर्नर　गाडी चलाउने बारेमा

**हरेक अंकमा यस कर्नरको बिषय अनुसार, परामर्शकर्मिको अनुभव वा विचारलाई प्रस्तुत गरिन्छ ।**

मेरो देशमा चालक अनुमति परीक्षा त्यति कठिन हुदैन तर चालक अनुमतिपत्र प्राप्त गर्नको लागि 6 महिना भन्दा बढी समय लाग्छ। धेरै बर्ष अगाडी भने त्यति धेरै नियम कडा नभएको कारण सवारीचालक अनुमतिपत्र बिना पनि सवारी चलाउने मानिसहरु पनि थिए तर अहिले नियम कडा भएको हुँदा लाइसेन्स लिएर मात्र चलाउन सकिन्छ।

जापानमा बिदेशीले सवारी चलाउनको लागि, बिदेशी लाइसेन्स भएको खण्डमा यसलाई जापानको चालक अनुमतिपत्रमा बदल्न परेमा आफ्नो देशको कागजपत्रलाई अंग्रेजीमा अनुबाद गरि लिएर गई प्रक्रिया पुराभएको खण्डमा जापानको चालक अनुमतिपत्र प्राप्त गर्नसकिन्छ। सुरुदेखि नै जापानमा लाइसेन्स लिनको लागि भने भाषाको अभाव र झन्झटिलो प्रक्रिया, त्यसैमाथि आर्थिकरुपमा पनि महँगो हुन्छ। लाइसेन्सको लागि अन्य देशको नागरिकले आफ्नो भाषामा पनि परिक्षा दिन सक्छ जस्तो चाईनिज कोरियन र अंग्रेजी। मेरो विचारमा, जापानमा नेपालीको संख्या पहिलेको भन्दा बढेको हुँदा नेपाली भाषामा पनि लाइसेन्सको परिक्षा दिनमिल्ने ब्यबस्था भएमा सजिलो हुने थियो कि जस्तो लाग्छ।यद्यपि, तपाईंलाई ड्राइभ गर्नको लागि चालक अनुमतिपत्र चाहिन्छ, कसैले पनि आफ्नो स्वामित्वको वा आफ्नो जिम्मामा रहेको गाडी, सवारी चालक अनुमतिपत्र प्राप्त नगरेका व्यक्तिलाई चलाउन दिनु हुदैन। लाइसेन्स प्राप्त गरि, भरपर्दो र सुरक्षित ड्राइभ गरौ।

(परामशि कमी B)

हरेक अंकमा प्रत्येक भाषा संस्करण सहित परामर्शकर्मी द्वारा「परामर्शकर्मी कर्नर」मा लेख्नेछन ।
ब्लगमा प्रत्येक भाषको जापानीज संस्करण पनि प्रकाशित गरेकोछौ । कृपया अवश्य हेर्नुहोला ।

# सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र

せんだいたぶんかきょうせい
## 仙台多文化共生センター

| | |
|---|---|
| खुल्ने समय | प्रत्येक दिन बिहान ९ बजे देखि बेलुका ५ बजे (वर्षको अन्त्य र नयाँ वर्षको बिदा, महिनाको १～२ दिनको बन्द दिन बाहेक) |
| ठेगाना | 〒980-0856 सेन्दाई सिटि आओबा कु आओबा यामा सेन्दाई इन्टरनेशनल सेन्टर सम्मेलन भवन पहिलो तला |
| फोन | (022) 265-2471 |
| फ्याक्स | (022) 265-2472 |
| इमेल | tabunka@sentia-sendai.jp |
| युआरएल | http://int.sentia-sendai.jp/n/exchange/ |




■ विदेशी भाषामा दिइने परामर्श

दैनिक जिबनमा आइपर्ने समस्या या कठिनाइहरुको बारेमा विदेशी भाषामा परामर्श लिन सक्नुहुनेछ । 「दोभाषे सहयोग टेलीफोन」(022) 224-1919 मा फोन गर्नुहोला ।

भाषाहरु : जापानीज, अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली, तागालोग, थाई, पोर्चुगली, स्पेनिस, रसियन, इन्डोनेसियन, इटालियन, फ्रेन्च, जर्मनी, मलेसियन, खमेर, बर्मेली, मंगोलियन, सिंहला, हिन्दी, बंगाली, युक्रेनी भाषाहरु

■ त्यस बाहेका सेवाहरु

प्रशिक्षण कक्ष, बालबालिका कक्ष, जानकारी आदानप्रदान बोर्ड, पुस्तक फिर्ता गर्ने गरि लाने सुबिधा पनि दिइरहेका छौं । सामुदायिक गतिविधि या सम्बन्ध आदानप्रदान कार्यक्रमको लागिको जानिकारी तथा ठाँउ पनि उपलब्ध छ ।

## विदेशी नागरिकका लागिको विशेषज्ञिय परामर्श

वकिल या प्रशासनीक लेखनदास लगायतका विशेषज्ञ द्वारा हुने「 विशेषज्ञिय परामर्श बैठक 」नियमित रूपमा संचालित गर्दै आएकाछौं ।

सेन्दाईमा बसोबासको क्रममा कुनैपनि समस्या परेको खण्डमा, कृपया यहाँ सम्पर्क गर्नुहोला ।

गोपनीयताको पालना गर्नेछौ । एकजना लाई 30 मिनेटको समय हुनेछ ।

खुल्ने समय सबै, दिउँसो 1बजे बाट बेलुका 4बजे सम्म हुनेछ ।

परामर्श बैठकको दिनमा होमपेज बाट पुष्टि गर्न सकिनेछ ।

http://int.sentia-sendai.jp/n/exchange/consultation.html



प्रशासनिक लेखनदास　वकिल　श्रम मन्त्रालय　अध्यागमन बिभाग (इमिग्रेशन)　कर लेखनदास

सम्पादन•प्रकाशन : सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसन (SenTIA)अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र चाँहीं सेन्दाई सिटिबाट जिम्मेवारी पाएर, (सार्वजनिक हितको) सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसनले यसलाइ संचालन गर्ने गर्दछ ।

अक्टोबर २०२३ मा प्रकाशित